प्रदेश सरकार

कृषि मन्त्रालय

कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र ,ओखलढुंगा

प्रदेश नं.१

## कार्यक्षेत्र : ओखलढुंगा

## प्रस्ताव आव्हान सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/०५/०१

कृषि ज्ञान केन्द्र ओखलढुंगाको आ.व. २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८", वमोजिमका शर्तहरु पालना गरि तपशिलका कार्यक्रम कार्यान्वयनका लागि ओखलढुंगा जिल्ला अन्तर्गतका ईच्छुक कृषक / कृषक समुह / सहकारी संस्था / कृषि उद्यमी/कृषि फर्महरुबाट यो सुचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र (२०७९/०५/३० गते सम्म ) तोकिएको ढाँचामा कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ।साथै रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु दर्ता गरिने छैन ।

थप जानकारीका लागि यस कार्यालयको पैसा नलाग्ने टोल फ्री नं. १६६०३७५२००० वा फोन नं. ०३७-५२०१३० मा कार्यालय समय भित्र सम्पर्क राख्नु हुन वा कृषि विकास निर्देशनालय प्रदेश नं. १ विराटनगरको वेभसाईट doad.p1.gov.np बाट कार्यक्रम कार्यान्वयन सम्बन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरि थप जानकारी लिन सक्नु हुनेछ ।

कार्यक्रम विवरण

| क्र.सं. | कार्यक्रमको नाम | ईकाई | परिमाण | प्रति ईकाइ बजेट रु | अधिकतम अनुदान प्रतिशत | प्रस्ताव पेश गर्न सक्ने साझेदार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | किवी खेती प्रवर्धन कार्यक्रम | संख्या | २ | ६ लाख | ७५% | कृषक समूह / कृषि सहकारी /कृषि फर्म | |
| २ | व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग | संख्या | १३ | ३ लाख | ७५% | कृषक समूह / कृषि सहकारी /कृषि फर्म | |
| ३ | युवा लक्षित च्याउ मह तरकारी उत्पादन कार्यक्रम | संख्या | ३० | १ लाख | ७५% | कृषक/कृषक समूह / कृषि सहकारी /कृषि फर्म | १८ वर्ष देखि ५० वर्ष सम्मका विदेशबाट फर्केका वा विदेश जान लागेका स्थानीय बेरोजगार युवाहरु |
| ४ | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | हेक्टर | १०० | ६ लाख प्रति क्लस्टर | ७५% | कृषक समूह / कृषि सहकारी /कृषि फर्म | ५० हेक्टर वा १००० रोपनी बराबरको एक क्लस्टर रहने |
| ५ | मागमा आधारित कार्यक्रम | संख्या | २० | ५० हजार | ७५% | कृषक/कृषक समूह / कृषि सहकारी /कृषि फर्म | |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१. रु.१० को हुलाक टिकट टाँस गरि तोकिएको ढाँचा बमोजिमको आवेदन / प्रस्तावना ।

२. संस्थागत (समूह, सहकारी, फर्म, समिति आदिले प्रति आवेदन रु २००/- र व्यक्तिगत कृषकको हकमा प्रति आवेदन रु १००/- राष्ट्रिय वाणिज्य बैंकको खाता नं. १०००२०००१०००० राजस्व शिर्षक नं १४२२९ कार्यालय कोड ३१२०११ ००११ मा आवेदन दस्तुर वापत जम्मा गरि सोको सकल भैचर पेश गर्नु पर्नेछ ।

२०७९।०५।०१

हेम बहादुर आले मगर

निमित्त कार्यालय प्रमुख

प्रदेश सरकार
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र ,ओखलढुंगा

प्रदेश नं.१

## कार्यक्षेत्र : ओखलढुंगा

३. सम्बन्धित निकायमा कृषक समूह / कृषि सहकारी / निजी उद्यमी / कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

४. समूह / संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र गत आ.व. २०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

५. कृषि सहकारी / निजी उद्यमी / कम्पनीको हकमा गत आ.व. २०७८/७९ को लेखा परिक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपी

६. सम्बन्धित स्थानीय तहको कृषि विकास शाखाको सिफारिस ।

७. कार्यक्रम संचालन हुने स्थान (जग्गा जमिन) को स्वामित्व खुल्ने जग्गा धनीपुर्जा र जग्गाधनीको नागरिकता वा भाडाको जग्गामा खेती भएमा कम्तीमा ५ वर्ष र स्थायी संरचनाको लागि कम्तीमा १० वर्षको सम्झौतानामा ।

८. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।

९. संस्थाको हकमा बैठकको निर्णयको प्रतिलिपि साथै कार्यक्रम कार्यान्वयन गर्न अख्तियारीको निर्णय ।

१०. आवेदकले दोहोरो पर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र ।

११. प्राबिधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपी ।

१२. कार्यक्रम अनुसारका "कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली २०७८ बमोजिम माग गरिएका आवश्यक कागजातहरु पुर्णता नभएमा प्रस्ताव स्वत रद्द हुनेछ ।

नोटः माथि उल्लेखित कार्यक्रमहरुमा प्रस्तावना पेश गर्नका लागि आवश्यक पर्ने प्रस्तावनाको ढांचा र सम्बन्धित कार्यक्रम संचालन सम्बन्धि मापदण्ड कृषि ज्ञान केन्द्र, ओखलढुंगाबाट प्राप्त गर्न सक्नुहुनेछ । आवेदकहरुले बिगत ३ आर्थिक वर्षमा बिभिन्न सरकारी निकाय/कार्यालयहरु र अन्य आयोजनाबाट अनुदान प्राप्त गरेको देखिएमा उक्त आवेदकहरुको प्रस्तावना र आवेदन दर्ता नहुने व्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

२०७९।०८।०१

हेम बहादुर आले मगर
निमित्त कार्यालय प्रमुख